# ५३औं कार्यपालिका बैठकका निर्णयहरु

१) पूर्व कार्यपालिका वैठकका निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक पाइयो ।

२) अटो सम्बन्धी समितिबाट सिफारिस भई आएको संशोधित भाडादर स्वीकृत गरी सर्वसाधारणको जानकारीका लागी प्रकाशन गर्ने ।

३) कार्यपालिका वैठकमा पेश हुन आएका माडी नगरपालिकाका देहायका कार्यविधि स्वीकृत गर्ने;

क) सार्वजनिक सुनुवाई संचालन कार्यविधि २०८२

ख) धार्मिक तथा पर्यटकीय स्थलहरुको संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२

ग) माडी नगरपालिकाको आपतकालीन कार्यसंचालन केन्द्रको कार्य संचालन कार्यविधि २०८२

घ) मानव वेचविखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) सम्वन्धि निर्देशिका २०८२

ङ) स्वंयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७७ (पहिलो संशोधन २०८२)

४) फोहरमैला व्यवस्थापन केन्द्रको अल्पकालीन एवं दीर्घकालीन संचालनको व्यवस्थापनका लागी उपयुक्त जग्गा पहिचान गरी सिफारिस पेश गर्न सम्बधित विषयगत समिति (वातावरण तथा विपद् व्यवस्थापन) र सामाजिक बिकास समितिका संयोजक सहितको कार्यदल गठन गरी उक्त कार्यका लागी १५ दिनको समयावधी प्रदान गर्ने ।

५) आ.व.२०८१/०८२ को बार्षिक प्रगति समिक्षा र मिति २०८२/४/३० आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमका पृष्ठपोषणलाई आत्मसात् गर्दै आगामी वर्षका कार्यक्रम संचालन गर्ने। उल्लिखित कार्यक्रममा उल्लेख्य र अर्थपूर्ण उपस्थितिका लागी अनुरोध गर्ने ।

६) जीवनपुर आधारभूत विद्यालय जीवनपुरको जग्गा अतिक्रमण सम्बन्धमा यथार्थ विवरण संकलन यस नगरपालिकाको न्यायिक समिति मार्फत यथासिघ्र गर्ने । यस कार्यका लागी मालपोत तथा नापी कार्यालयलाई विवरण उपलब्ध गराउन पत्राचार गर्ने ।

७) कार्यसूचीका अन्य एजेन्डामा छलफल गर्न आगामी कार्यपालिका बैठक मिति २०८२/४/३० गते विहान ८:०० बजे बस्ने ।

मिति २०८२/४/२९

तारा कुमारी काजी महतो
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत